# स्थानीय राजपत्र

## भाग - २

## अनुसूची - २

(दफा ४ तथा अनुसूची -१ को भाग-२ संग सम्बन्धित)

## अपिहिमाल गाउँपालिका

खण्ड ४ संख्या १ मितिः २०७७/०४/१०

# अपिहिमाल गाउँपालिका महिला तथा बालबालिका सम्बन्धी कार्यक्रम कार्यविधि २०७७

प्रस्तावना : समतामुलक समाज निर्माण गर्ने अपिहिमाल गाउँपालिकाको उद्देश्य अनुरुप महिलाहरुलाई आर्थिक, सामाजिक, बौद्धिक तथा नैतिक रुपमा सबल र सक्षम बनाउन साथै समाजमा रहेका कुरिती, कुसंसकारका कारण हुने महिला हिंसा,घरेलु हिंसा, बालबालिका हिंसा जस्ता कुराहरु नियन्त्रण गर्ने जनचेतनामुलक कार्यक्रम लगायत अन्य महिला तथा बालबालिका शसक्तिकरण सम्बन्धी कार्यक्रम गर्न वान्छनीय भएकोले अपिहिमाल गाउँकार्यपालिकाले यस अपिहिमाल गाउँपालिका महिला तथा बालबालिका सम्बन्धी कार्यक्रम कार्यविधि २०७७ पास गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "अपिहिमाल गायँपालिका महिला तथा बालबालिका सम्बन्धी कार्यक्रम कार्यविधि २०७७" रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यापालिकाको बैठकले पासगरि प्रमाणि गरेको मिति देखि लागु हुनेछ

२. परिभाषा : विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा ,

(क) " गाउँपालिका "भन्नाले अपिहिमाल गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) "गाउँ कार्यापालिका" भन्नाले अपिहिमाल गाउँपालिकालाई समझनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले अपिहिमाल गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "उपाध्यक्ष" भन्नाले अपिहिमाल गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ङ) "न्यायिक समिति" भन्नाले अपिहिमाल गाउँपालिकाको न्यायिक समितिलाई सम्झनु

(च)"प्रमुख प्रशासकिय अभिकृत" भन्नाले अपिअिमाल गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्फनु पर्छ।

(छ) " कार्यविधि " भन्नाले अपिअिमाल गाउँपालिका महिला तथा बालबालिका सम्वन्धी कार्यविधि २०७७ सम्फनु पर्छ ।

(ज)" समिति" भन्नाले यसै कार्यविधिको दफा ३ बमोजिम गठित समिति सम्फनु पर्छ ।

(झ)"कोष"भन्नाले दफा ९ बमोजिमको कोष सम्फनु पर्छ।

(ञ)"महिला बिकास अधिकृत " भन्नाले अपिहिमाल गाउँपालिकाको महिला बिकास अधिकृत वा निजको काम गर्न तोकिएको कर्मचारी सम्फनु पर्छ ।

परिच्छेद २

३. समिति गठन : (१) अपिहिमाल गाउँपालिका महिला तथा बालबालिका सम्वन्धी कार्यक्रम संचालनको लागि एक कार्यक्रम संचालनसमिति गठन हुनेछ ।

(२) उप दफा (१) बमोजिम गठन हुने समितिमा देहायका सदस्यहरु रहने छन् ।

(क) गाउँपालिका उपाध्यक्ष — अध्यक्ष

(ख) प्रमुख प्रशासकिय अधिकृत — सदस्य

(ग) महिला तथा बालबालिका शाखा हेर्ने कार्यापालिकाले तोकेको एक जना — सदस्य

(घ) कार्यापालिकाको महिला सदस्यहरु मध्येबाट एक जना — सदस्य

(ङ) महिला बिकास अधिकृत — सदस्य सचिब

४.समितिको बैठक र निर्णय : (१) अध्यक्षबाट निर्देशन भए अनुसार सदस्य सचिबले मिति समय र स्थान तोकी समितिको बैठक बोलाउने छ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा कार्यापालिकाबाट तोकिएको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

(४) जम्मा सदस्य संख्याको दुई तिहाई सदस्याहरुले मनासिब माफिकको कारण देखाई बैठक बोलाउन माग गरेका अध्यक्षले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ ।

(५) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा गणपुरक संख्यापुगेको मानिनेछ ।

(६) बैठकको बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ ।

(७) सदस्य सचिबले बैठकको निर्णय पुस्तिका राख्नेछ ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(९) बैठकमा भाग लिई वापत समितिले आफैले निर्धारण गरे बमोजिम बैठक भत्ता पाउने छन् ।

२. समितिको काम कर्तव्य र अधिकार : समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) महिला तथा बालबालिका सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्ने

(ख) महिलाहरुलाई आर्थिक रुपले सबल र सक्षम बनाउन विभिन्न किसिमका सीपमुलक कार्यक्रम संचालन गर्ने ।

(ग) स्थानीय महिलाहरुमा भएको परम्परागत सीपको संरक्षण तथा प्रोत्साहन गरि उत्पादन तथा बजारिकरणमा सहयोग गर्ने ।

(घ) समतामुलक समाज निर्माण गर्ने महिला शसक्तिकरण सम्वन्धी कार्यक्रम संचालन गर्ने ।

(ङ) बालअधिकार सम्बन्धी सचेतना मुलक कायक्रम संचालन गर्ने ।

(च) महिला हिंसा , घरेलु हिंसा तथा बाल हिंसा अन्त्य गर्न विभिन्न किसिमका कार्यक्रमहरु सचालन गर्ने ।

(छ) हिंसा पीडितहरुको उद्दार तथा राहत सम्बन्धी कार्यक्रम संचालन गर्ने ।

(ज) महिला अधिकारकर्मीहरुलाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्ने ।

(झ) आर्थिक उपार्जनको लागि आमा समुहहरुलाई घुम्ती कोषको लागि अनुदान सहयोग दिन सक्ने ।

(ञ) छाउपडी , वालबिवाह, बहुबिवाह आदि जस्ता कुरिती विरुद्ध कार्यक्रम संचालन गर्ने।

(ट) जेष्ठ नागरिकहरुको परिचयपत्र वितरण तथा हक अधिकार संरक्षण सम्बन्धी कार्यक्रमहरु गर्ने ।

(ठ) अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरण तथा अभिलेखिकरण गर्ने ।

(ड) अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार सम्बन्धी कार्यक्रम गर्ने ।

(ढ) कार्यापालिकाले तोके बमोजिमको महिला , बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु लगाएत सिमान्तकृत समुदायहरुको हक अधिकार सम्बन्धी आवश्यक कार्यक्रमहरु गर्ने ।

## परिच्छेद ३

## कार्यक्रम कार्यान्वयन र कोष सम्बन्धी व्यवस्था

५. महिला तथा बालबालिका शाखा बाहेक अन्तर्गत बिनियोजित बार्षिक कार्यक्रम अनुसार बार्षिक कार्ययोजना बनाई समितिले निर्णय गरी शादा मार्फत कार्यक्रम कार्यान्वयन गर्न सकिने छ ।

५.१ महिला तथा बालबालिका शाखा बाहेक समितिले कार्यक्रम संचालन गर्दा देहाय बमोजिकका संघ सस्था, सहकारी संस्था तथा आमा समुहहरुलाई छनौट गर्न सक्नेछ ।

(क) अपिहिमाल गाउँपालिका भित्र रहेका वडा स्तरिय , टोल तथा बस्ती स्तरका आमा समुहहरु ।

(ख) महिला तथा वालबालिका सम्बन्धी काम गर्ने गैरसरकारी संस्थाहरु ।

(ग) सथानीय रुपमा स)चालन भएका सहकारी सस्थाहरु ।

६. संस्था, आमा समुह,तथा सहकारी संस्था छनौट प्रकृया : (१)समितिले आफ्नो कार्यक्रम संचालन सहयोगी संस्था छनौट गर्नको लागि प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) समितिले उप दफा (१) बमोजिम प्रताव आव्हान गरे पछि समितिको स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम सहित प्रस्ताव पेश गर्नु पर्नेछ ।

(३) उप दफा (२) बमोजिम प्रस्ताव पेश गर्दा संस्था आमा समुह तथा सहकारी संस्थाहरुले आफ्नो संस्थाको सम्पुर्ण कागजातहरु समेत पेश गर्न पर्नेछ ।

७. समितिले दफा ६. बमोजिम पेश भएका प्रस्तावहरु अध्ययन गरि उपयुक्त प्रस्तावलाई छनौट गरि स्वीकृत गर्ने छ।

८. छनौट भएको संस्था संग समितिले सम्झौता गरी कार्यक्रम संचालन गर्नुपर्नेछ ।

**९. कोष सम्बन्धी व्यवस्था :** (१) समितिको कार्यक्रम संचालनको लागि एक कोषको स्थापना गरिने छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन ।

(क) अपिहिमाल गाउँपालिकाले विनियोजनगरेको अपिहिमाल गाउँपालिका महिला तथा बालबालिका सम्बन्धी कार्यक्रमको रकम,

(ख) अन्य संघ संस्थाबाट महिला तथा बालबालिका सम्बन्धी कार्य गर्नको लागि प्राप्त रकम,

(ग) संघीय तथा प्रदेश सरकारबाट प्राप्त अनुदान स्वरुप प्राप्त रकम ,

(घ) कुनै व्यक्ति तथा परिवारबाट दान, चन्दा तथा आर्थिक सहयोग स्वरुप प्राप्त रकम ,

**१०. संशोधन ,खारेजी र बचाउ :** (१) यस कार्यविधिमा भएको व्यवस्थामा थपघट तथा संशोधन गर्नु परेका ऐन, नियमको परिभि भित्र रहेर गाउँकार्यापालिकाले संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा भएको , लेखिएको कुराहरु प्रचलित कानुनहरु संग बाभिएमा बाभिएको हद सम्म स्वत : निष्कृय हुनेछ ।

आज्ञाले

लक्ष्मण सिंह धामी

प्रमुख प्रशासकिय अधिकृत